नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज)

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर ।

मिति २०८३/०६/२१

## NBMS Specialty तहको स्वमूल्याङ्कन (Self-Appraisal) फाराम भर्नेसम्बन्धी सूचना

चिकित्सा शिक्षा आयोग, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत आर्थिक वर्ष (शैक्षिक सत्र) २०८३/०८४ (2026/2027) मा स्पेसियालिटी (MD/MS तह सरह ) तहको शैक्षिक कार्यक्रम सञ्चालन गर्न इच्छुक सरकारी, निजी अस्पताल तथा स्वास्थ्य संस्था (विश्वविद्यालय, प्रतिष्ठान तथा मेडिकल कलेज बाहेक) हरूले तपसिलबमोजिम NBMS Specialty तहको स्वमूल्याङ्कन (Self-Appraisal) फाराम भरी मिति २०८३ कात्तिक २० गते, शुक्रबार अपरान्ह ५:०० बजेभित्र पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. आयोगको वेबसाइट www.mec.gov.np मा लगइन गरी NBMS Self-Appraisal को सूचनासँगै रहेको Word file डाउनलोड गरी स्वमूल्याङ्कन (Self-Appraisal) फाराम भर्नु सकिनेछ ।

२. स्वमूल्याङ्कन (Self-Appraisal) फाराममा रहेका सबै यथार्थ विवरणहरू स्पष्ट रूपमा भर्नुपर्नेछ ।

३. स्वमूल्याङ्कन (Self-Appraisal) फाराममा रहेका सबै विवरणहरू भरी इमेल sthadb36@gmail.com वा aktdahal@gmail.com मा निर्धारित समयावधि भित्रै पठाउनुपर्नेछ ।

४. निर्धारित समयावधिभित्र स्वमूल्याङ्कन (Self-Appraisal) फाराम नभरेका संस्थाहरूमा स्थलगत अनुगमन एवम् सिट निर्धारण हुने छैन् ।

५. विश्वविद्यालय वा प्रतिष्ठानबाट सम्बन्धन प्राप्त शिक्षण संस्थामा नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका शैक्षिक कार्यक्रमहरू सञ्चालन हुने छैनन् ।

६. नेसनल बोर्ड अफ मेडिकल स्पेसियिलिटिजका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक पूर्वाधार, शिक्षक (फ्याकल्टी) लगायतका प्रावधानहरू नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी एकीकृत कार्यविधि, २०८३ बमोजिम हुनुपर्नेछ । उक्त कार्यविधि लगायत थप जानकारी आवश्यक भएमा आयोगको वेबसाइट www.mec.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा अनुरोध छ ।

२०८३।६।२१
धनबहादुर श्रेष्ठ
उपसचिव